# ARMED POLICE FORCE, NEPAL
## MESSAGE FORM

APC (APF HQ SECRETARIAT) SERIAL No :- ६९०१

| FROM:- | स.प्र.म.नि. शैलेन्द्र खनाल । | DTO:- १८१४१५ |
|---|---|---|
| TO:- | मातहत सम्पूर्ण इकाई तथा राष्ट्रसेवक स.प्र.क.हरु । | IN/OUT |
| INFO:- | - | GROUP COUNT |

सशस्त्र प्रहरी बल, नेपालले आफ्नो स्थापनाकालदेखि नै राज्यमा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाई सुशासन कायम राख्न राष्ट्र र नागरिकको सेवा, सुरक्षा, सहयोग तथा उद्दारमा समर्पित रही उदाहरणीय कार्य गर्दै आफूलाई राष्ट्र र नागरिकको सच्चा पहरेदारको रुपमा प्रमाणित गर्दै आइरहेको छ (०) यस संगठनमा आवद्ध विभिन्न युनिटका कमाण्डर लगायत सकल दर्जाका राष्ट्रसेवकहरुले विभिन्न विषम् परिस्थितिमा अग्रपंक्तिमा रही सीमा सुरक्षा लगायतका दिइएका कायदिश अनुसार कर्तव्यपथमा अडिग र कत्तिपनि विचलित नभई अहोरात्र आ-आफ्नो तह र तप्काबाट कार्य सम्पादन गर्दै आईरहेका छौं (०)

आज विश्व समुदाय कोरोना भाइरस (कोभिड-१९) बाट आक्रान्त भएको छ, हजारौं मानिसहरुले ज्यान गुमाईसकेका छन, लाखौंमा संक्रमण देखिएको छ र फैलिरहेको अवस्था छ र नेपालमा पनि यस भाइरसको संक्रमण देखा परिसकेको छ (०) विश्व समुदाय आफूसँग उपलब्ध स्रोतसाधनको अधिकतम् प्रयोग तथा परिचालन गर्दै समन्वय र सहकार्य गरी यस महामारीको रोकथाम तथा नियन्त्रणको लागि अहोरात्र लागि परिरहेको छ (०) नेपालमा पनि यसलाई महामारीको रुपमा फैलिन नदिन नेपाल सरकारबाट राष्ट्र र जनताको हितलाई ध्यानमा राखी जोखीम मुक्त गराउन विभिन्न निर्णयहरु जारी गर्दै कार्यान्वयनमा ल्याउने गरी सबै नेपाली आम जनसमुदाय एवं सरोकारवाला निकायहरु मार्फत कार्य भईरहेको छ (०) यस अनुरुप संगठनबाट पनि राष्ट्र र जनताको सेवा, सुरक्षा, सहयोग तथा उद्दारमा सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरु अग्रपंक्तिमा रही अन्य सुरक्षा निकाय एवं सरोकारवाला निकायसँग समन्वय र सहकार्य गर्दै यस विषम् परिस्थितिमा सदा झैं कर्तव्यनिष्ठ, ईमान्दारी र अनुशासित रुपमा कर्तव्यपथमा परिचालित भएको र हालसम्म तपाईहरुले महामारी फैलन नदिन र जनतालाई सुरक्षा अनुभूति दिलाउन देखाउनुभएको कर्तव्यपरायणताको म संगठन प्रमुख एवं अभिभावकको हैसियतले मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छु (०)

यो महामारीको रोकथाम तथा नियन्त्रणको समयसीमा अनिश्चित रहेको कारण यसको पूर्ण रुपमा रोकथाम तथा नियन्त्रण नहुञ्जेलसम्म पनि हामी सबै राष्ट्रसेवकहरु नेपाल सरकार, गृह मन्त्रालयको नीति निर्देशनको पालना गर्दै नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय प्रशासन, सम्बन्धित संघ-संस्था तथा अन्य सुरक्षा निकायसँग सहयोग, समन्वय र सहकार्यका साथ अगाडि बढ्दै जानुपर्ने अवस्था रहेकोले परिचालन अवधिभर युनिट कमाण्डर लगायत सम्पूर्ण सकल दर्जाले आफू ड्यूटीमा खटिँदा अपनाउनुपर्ने सुरक्षात्मक उपायहरु अपनाई आफूलाई सुरक्षित राखी देशको सीमा सुरक्षा लगायत यस महामारीको नियन्त्रण तथा रोकथामको लागि खटिई राष्ट्र र जनताको सेवा, सुरक्षा र सहयोगमा उच्च मनोबलका साथ अहोरात्र खटिईरहनका लागि संगठन प्रमुख एवं एक अभिभावकको हैसियतले निर्देशन दिन चाहन्छु (०)

क्रमशः...

त्यसैगरी यस महामारीको रोकथाम तथा नियन्त्रणको लागि अग्रपंक्तिमा रही कर्तव्यपथबाट बिचलित नभई राष्ट्र र जनताको सुरक्षा, सेवा तथा सहयोगमा विभिन्न सीमा नाका लगायत देशका विभिन्न स्थानमा परिचालित सम्पूर्ण राष्ट्रसेवकहरुले सर्वप्रथम आफू सुरक्षित रहनुपर्दछ र कसरी आफू सुरक्षित रहने भन्ने सन्दर्भमा केही उपायहरु अपनाउनुपर्ने तथा अवलम्बन गर्नुपर्ने देखिएकोले त्यस्ता सुरक्षात्मक उपायहरु र परिचालनको समयमा गर्नुपर्ने क्रियाकलापहरु उल्लेख गरी त्यसको हुबहु पालना गर्न परिचालित सम्पूर्ण राष्ट्रसेवकहरुलाई जानकारी गराउन चाहन्छु र त्यसका लागि विशेष गरी सम्पूर्ण तत्-तत् युनिट कमाण्डरहरु आफैले विशेष चासो दिई यसै अनुसार कार्य गर्न/गराउन समेत निर्देशन दिन चाहन्छु (०)

- विश्वव्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 को संक्रमणबाट देश र आम नागरिकको सेवा सुरक्षामा सीमा नाका लगायत देशका विभिन्न स्थानमा परिचालित सम्पूर्ण राष्ट्रसेवकहरुले सर्वप्रथम आफू सुरक्षित रहनुपर्दछ र यसका लागि ड्यूटी परिचालनको अवस्थामा व्यक्तिगत सुरक्षाका सामाग्रीहरु प्रयोग गर्नुपर्दछ ।
- आफ्नो घर, कार्यालय र आफ्नो व्यक्तिगत सरसफाईलाई उच्च प्राथमिकतामा राख्नुपर्दछ ।
- ड्यूटीमा खटिँदा, व्यारेकमा रहँदा र अन्य अवस्थामा समेत सामाजिक दुरी (Social Distance) करिब १ (एक) मिटरको सदैव कायम राख्नुपर्दछ ।
- आफूलाई ज्वरो आएमा, श्वास प्रश्वास प्रकृयामा वाधा पर्न गएमा, सुख्खा खोकीको लक्षण भएमा, अप्ठ्यारो महशुस भएमा यी COVID-19 को लक्षण हुनसक्ने भएको हुँदा व्यारेकमा भएको अवस्थामा व्यारेकमा वा घरमा भएको अवस्थामा घरमा नै Quarantine मा बस्ने र आवश्यक भएमा स्वास्थ्य परीक्षण गर्ने । साथीभाइ र घर परिवारको सुरक्षाका लागि संक्रमणको लक्षण देखिएमा आफूलाई आईसोलेसनमा राख्ने र परिवारलाई पनि क्वारेन्टिनमा बस्न लगाउनु पर्दछ।
- आधिकारिक सूचनाहरुमा मात्र विश्वास गर्ने अनाधिकृत सूचनाहरुको विश्वास नगर्ने र नआत्तिने गर्नुपर्दछ ।
- नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले जारी गरेका COVID-19 बाट बच्ने सुरक्षात्मक उपायहरुलाई राम्रोसँग अवलम्बन गर्नुपर्दछ ।
- मानव अधिकारको संरक्षणमा सदैव ध्यान दिने, आम नागरिकहरुप्रति सदैव सम्मान व्यक्त गर्दै अत्यावश्यक सेवाहरुको आवागमनलाई सहजता प्रदान गर्ने गराउने व्यवस्था मिलाउनु पर्दछ।
- नेपाल सरकारका निर्णयहरुलाई कार्यान्वयन गराउन तपाईं हाम्रो उच्च सतर्कता, धैर्यता र कर्तव्यपालनाको आवश्यकता पर्दछ । देश र नागरिकलाई यस संकटपूर्ण घडीबाट जोगाउन सोही अनुरुप हाम्रा कार्यशैली, आचरण र व्यवहार प्रस्तुत हुनुपर्दछ ।
- COVID-19 का लक्षणहरु देखा परेका र संक्रमित व्यक्तिहरु ह्याण्डल गर्दा सुरक्षाका उपायहरुको अवलम्वन गर्दै सावधानी अपनाई स्वास्थ्यकर्मी वा सो सम्बन्धी विशेषज्ञहरुबाट गराउनु पर्दछ ।
- यो विषम् परिस्थितिमा सशस्त्र प्रहरी बल, नेपालको जिम्मेवारी र कर्तव्यको बारेमा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरु सजग रहने, आफ्ना सहकर्मीहरुलाई बुझाउने, एकआपसमा सहयोग र सद्भाव सदैव कायम गरी परिचालित हुनुपर्दछ ।

क्रमशः...

- यसैगरी युनिट कमाण्डरहरुले फिल्डमा खटिएका सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुको रेखदेख तथा देखभाल गर्ने । प्रत्येक युनिट कमाण्डरहरुले आफ्ना मातहतका सकल दर्जालाई आफ्नो सुरक्षाका बारेमा जानकारी गराउने । कोरोना भाइरसको खबर बारेमा अपडेट भई फिल्डमा खटिने स.प्र.क.लाई पनि अपडेट गराउने र माथिल्लो निकायलाई पनि प्रतिवेदन गर्नुपर्दछ ।
- कमाण्डरहरुले ड्यूटीमा खटिने कर्मचारीहरुलाई खाजा, नास्ता र पानीको व्यवस्थापन गर्ने र आफैं फिल्डमा खटिई परिचालित ड्यूटीको अनुगमन तथा निरीक्षण गर्ने गर्नुपर्दछ ।
- नेपाल सरकारले नागरिकहरुलाई घरभित्र बस्नलाई गरेको अनुरोधको बारेमा जनतालाई विभिन्न माध्यमबाट सुसूचित गराउने, यस कठिन घडीमा संयमता र धैर्यताका साथघर घरमा बस्न अनुरोध गर्ने, आफ्नो सेवा सुविधालाई बिर्सिएर देश र नागरिकको सेवा, सुरक्षा, सहयोग र उद्दारमा समर्पित भई उच्च सेवाभाव र समर्पण देखाउनु पर्दछ ।
- महामारीबाट आफू कसरी सुरक्षित रहने र जनतालाई कसरी सुरक्षित राख्ने भन्ने सम्बन्धमा सम्बन्धित विभागहरु एवं नेपाल ए.पि.एफ. अस्पतालबाट समय-समयमा गरिएका परिपत्र तथा निर्देशनहरुको अध्ययन मनन् गरी सम्पूर्ण युनिट कमाण्डरहरुले त्यसको पालना गरी हुबहु कार्यान्वयन गर्नुपर्दछ ।
- नेपाल सरकारले ए.पि.एफ. अस्पताललाई COVID-19 को उपचारका लागि डेडिकेटेड अस्पतालको रुपमा प्रयोग गर्ने निर्णय गरी कोरोना भाइरस संक्रमित बिरामीहरुको उपचारमा प्रयोगमा ल्याउन गईरहेको कारण राज्यलाई अप्ठेरो परेको समयमा जस्तोसुकै सहयोग गर्न सशस्त्र प्रहरी बल, नेपाल तयार छ भन्ने सन्देश आम जनमानसमा प्रवाह भएको कुरा सबैलाई जानकारी गराउन चाहन्छु । यसबाट संगठनका राष्ट्रसेवकहरु, तिनका परिवारजन एवं आमजनमानसलाई सहयोग पुग्ने विश्वास गरेको छु ।
- नेपाल ए.पि.एफ. अस्पताल COVID-19 डेडिकेटेड अस्पतालको रुपमा परिचालन भए पश्चात् संक्रमण अवधिभर सशस्त्र प्रहरी कर्मचारी तथा कर्मचारीका आश्रित परिवारजन र पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुलाई उपचारका लागि नेपाल ए.पि.एफ. अस्पतालबाट उपलब्ध हुँदै आईरहेको सम्पूर्ण स्वास्थ्य सुविधा नेपाली सेना र नेपाल प्रहरीको अस्पतालबाट उपलब्ध गराउने व्यवस्था नेपाल सरकारबाट निर्णय भईसकेकोले स्वास्थ्य उपचार सम्बन्धी सुविधा सम्बन्धमा निश्चिन्त भई कार्यक्षेत्रमा परिचालित रहन र कोही पनि राष्ट्रसेवक कर्मचारी, तिनका परिवारजन र पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुले नेपाल ए.पि.एफ. अस्पतालबाट पाईरहेको सम्पूर्ण स्वास्थ्य सुविधा नेपाल सरकारबाट निर्णय गरिएको अस्पतालबाट पाउने विश्वास दिलाउन चाहन्छु ।
- अहिलेको अवस्थामा हामीले के पायौं भन्दा पनि राष्ट्र र जनताका लागि के दिन सक्छौं भनी सदा झैं सामूहिक भावनाका साथ कर्तव्यरत रहन र यसबाट सदा झैं संगठनमा आवद्ध राष्ट्रसेवकहरुले राज्यलाई र जनतालाई परेको कठिनाईको घडीमा सेवामा समर्पित भई संगठनको शीर उच्च राख्न सक्दछन् भन्ने मूल्य र मान्यताको पहिचान गराउन सक्छौं भन्ने विश्वास लिएको छु ।
- मुलुक र माटोको सेवा गर्ने यस अवसरमा हामीले कत्तिपनि विचलित नभई दायित्व निर्वाहमा समर्पित रहने र द्विविधारहित ढंगले परिचालित भई परिणाममूखी कार्य सम्पादनका लागि दृढ संकल्पित छौं भन्ने मैले विश्वास लिएको छु ।

क्रमशः...

अन्त्यमा, वर्तमान अवस्थामा सम्पूर्ण राष्ट्रसेवकहरु देशको सीमा लगायत विभिन्न स्थानमा विभिन्न किसिमका ड्यूटीहरुमा First Responder को रुपमा परिचालित भईरहेको अवस्थामा म यस संगठनको अभिभावकको हैसियतले सकल दर्जाका राष्ट्रसेवकहरुको सेवा सुरक्षाको विषयमा संवेदनशील तथा चिन्तित रहेको छु (०) सम्पूर्ण कर्मचारीहरुको सेवा सुरक्षा तथा हौसला अभिवृद्धिका लागि संगठनको तर्फबाट गर्नुपर्ने कार्यका लागि अभिभावकको हैसियतले म क्रियाशील छु र सम्बन्धित निकायहरुमा समेत यसका लागि पहल गरिरहेको छु (०) राष्ट्र तथा जनताको सुरक्षा तथा सेवा गर्ने जस्तो पवित्र कार्यमा हामी परिचालित भईरहेको यस समयमा संगठनको अभिभावकका रुपमा सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण राष्ट्रसेवकहरुलाई Video Conference तथा संचार सेटद्वारा वर्तमान अवस्था तथा यस अप्ठेरो परिस्थितिमा खटिँदा अपनाउनुपर्ने सुरक्षाका उपायहरु तथा परिचालनमा कर्मचारीको मनोबल कसरी उच्च राख्ने र परिचालनलाई अझ कसरी बढी प्रभावकारी बनाउन सकिन्छ भन्ने जस्ता विषयमा निर्देशन एवं जानकारी दिनुपर्ने भएतापनि हालको अवस्थामा उल्लेखित माध्यमबाट निर्देशन दिन सम्भव नभएको कारण सम्पूर्ण राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुलाई यस संगठनको म प्रमुख एवं अभिभावक भएको हुँदा मेरा भावना, आग्रह तथा निर्देशनका साथ यो परिपत्र गरिएको हुँदा यसलाई सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुले मनन् गरी अक्षरसः पालना गर्नुहुनेछ भन्ने विश्वास एवं भरोसा गरेको छु (०) यस महामारीबाट जोगिई सम्पूर्ण जनताप्रतिको उत्तरदायित्व एवं जिम्मेवारीलाई निर्वाह गर्न सफलता मिलोस् भनी हार्दिक शुभकामना समेत व्यक्त गर्दछु (०)

मिति २०७६/१२/१८ गते ।

(शैलेन्द्र खनाल)
सशस्त्र प्रहरी महानिरीक्षक